पाँचदलीय गठबन्धनको

पोखरा महानगरपालिका



समुन्नत पोखराको आधार : सवल अर्थतन्त्र र पूर्वाधार

घोषणा पत्र २०७९

www.nepaldut.com

१.पोखरा महानगर पालिका को समुन्नतिको यात्रा

आदारणीय महानगरवासी आमावुवा, दिदीवहिनी तथा दाजुभाईहरु,

नयाँवर्ष २०७९ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । नयाँवर्षसंगै समुन्नत पोखरा महानगरको सपना र योजना वोकेर हामी स्नेह, आशीर्वाद र अमूल्य मतको अपेक्षा सहित यही वैशाख ३० गते हुन गईरहेको स्थानीय तहको निर्वाचनमा पोखरा महानगरपालिकाका पाँच दलिय गठवन्धन का साझा उम्मेदवारहरुका साथ तपाँईहरुको घरदैलोमा उभिएका छौ ।

हाम्रो शान्ति, विकास र समुन्नतिको आधार स्थानीय तहबाटै सुदृढ हुँदै जाने हो ।आवधिक निर्वाचन लोकतन्त्रको आधारभूत स्तम्भ हो । लोकतन्त्रको सङ्घर्षशील यात्राका विभिन्न कालखण्डमा सहयात्री भएका दलहरु, ऐतिहासिक जनआन्दोलन, नेपालको शान्ति प्रक्रिया, संविधान सभा निर्वाचन, गणतन्त्र स्थापनामा हातेमालो गरेका दलहरुको युगान्तकारी र समन्वयात्मक भूमिका रहेको स्मरण गराउन चाहन्छौं । संविधानको रक्षा र कार्यान्वयन, त्यसकै जगमा मुलुकलाई समुन्नतितर्फ डोऱ्याउनुनै आजको मुख्य राष्ट्रिय जिम्मेवारी सहित पुनः नेपाली राजनितिमा देखिएका ज्वलन्त मुद्दाहरुको सम्वोधन गर्नको लागि हामी यो गठबन्धनमा छौं । हामी लोकतन्त्रवादीहरु समाजबादको यात्रामा हातेमालो गरेरै संविधान बनायौं । यसको सफल कार्यान्वयन र तार्किक निष्कर्षमा पुर्याउनका लागि गठबन्धनको आवश्यकता महशुष गरी साझा उम्मेदवार सहित यहाँहरुको वीचमा आएका छौ ।

हामीलाई समृद्धिको सपना देखाउँदै झुक्काईयो, पाँच वर्ष खेर गए । कहिले पटक पटक संसद विघटन गर्ने नाममा, दम्भ र अंहकारी ओलीतन्त्रले स्थानीय तह देखि केन्द्र सम्म रजगज गर्‌यो । जनताको अपेक्षा हो सुशासन तर गाऊँमा सुशासन पसेन वरु भष्ट्राचार को दुलोबाट छिरेका मूसाहरुनै पछि आफूलाई सिहं हूँ भनी गर्जन थाले, बेथितिले जरा गाड्‌यो । त्यतिमात्रै कहाँ हो र पोखरा महानगरपालिकामा नेतृत्वले बिजुलीका तारहरु व्यवस्थीत गर्ने, प्रमुख चोकहरुमा ट्राफिक लाइटको ब्यवस्था गर्ने , सार्वजनिक शौचालय बनाउने, बर्षौ देखि समस्याको रुपमा रहेको बसपार्क बनाउने, पार्किङ्गको ब्यवस्था गर्ने, फोहोर र ढलको ब्यवस्था गर्ने, पर्यटन पूर्वाधार मा कार्य गर्ने, भष्ट्राचार नियन्त्रण गर्ने जस्ता योजनामा सिन्को भाँचेन । बर्तमान महानगरको नेतृत्व र यो रवैयाको विकल्प निर्वाचन मार्फत दिनु छ आम पोखरेली जनताले । पोखरा महानगरपालिकाको समग्र बिकास र समुन्नतिका लागि स्थानिय आवश्यकतालाई प्राथमिकतामा राख्दै ७ वटा प्रस्थान विन्दु तय गरेका छौ । यसका लागि क्षेत्रगत योजना, प्राथमीकता र प्रतिवद्धता, ७ वटा प्रतिवद्धता कार्यान्वयनका आधार र कार्ययोजना सहित हामी प्रस्तुत भएका छौं ।

www.nepalvote.com

पोखरा महानगर क्षेत्रफलको हिसावले नेपालकै ठूलो महानगर हो । महानगरमा पाँच दलीय गठबन्धनको सरकार बनिरहँदा ७ वटा **समुन्नत पोखरा**का प्रस्थान विन्दुहरु तय गरिएको छ । तल उल्लेखित मूल्य र मान्यतामा आधारित रहेर गठबन्धनबाट निर्वाचित जनप्रतिनिधिहरुले सेवा प्रदान गर्ने संकल्प लिएका छन् ।

१.१ पोखरा महानगरमा पाँच दलीय गठबन्धन सरकारः विकास हामी सवैको अधिकार

विकास र समृद्धिका सरोकारवालाहरु भनेकै महानगरवासी हुन् र विकास नागरिकको जन्मसिद्ध अधिकार हो , सवैको अधिकार हो । महानगरवासीहरुलाई विकासका क्रियाकलापको अपनत्व लिने किसिमले निर्वाचित जनप्रतिनिधिहरुले कार्य गर्नेछन् ।

१.२. शिक्षित, सभ्य तथा मर्यादित महानगरबासी

पाँच दलीय गठबन्धनको सरकार ले निःशुल्क सार्वजनिक शिक्षा गरिरहँदा महानगरबासी हरु शिक्षित, सभ्य समाजका सदस्य र आफ्नो अधिकार र मर्यादाप्रति सचेत रहनेछन् ।

१.३. सुरक्षित,र न्यायपूर्ण समाज

दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच,लैङ्गिक समानता हाँसिल गर्ने, सबै महिला, किशोरी र बालबालिकाहरूको सुरक्षा र सशक्तीकरण भई समतामुलक समाजको निर्माण भएको हुने छ ।

१.४. स्वास्थ्य र सन्तुलित पर्यावरण

सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवन स्तर प्रवर्द्धन गर्न, शहरी स्वच्छता र खानेपानीको सुविधा १०० प्रतिशत पुर्‍याउन र पर्यावरण लाई दिगो राख्ने कार्य गरिएको हुने छ ।

१.५. सुशासन र जवाफदेहिता

भष्ट्राचार को शून्य सहनशिलता विकास गर्ने, पारदर्शिता सुनिश्चित गर्ने र प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको निर्माण गरिएको हुने छ ।

१.६. स्रोतको समुचित व्यवस्थापन

मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग गरिने छ । सार्वजनीक, निजी र सरकारी (तीन खम्वे अर्थनिति) को अवलम्वन गर्दै श्रमको प्रवर्द्धन गर्ने, स्थीर, समावेशी र

www.nepalbut.com

दिगो आर्थिक वृद्धि र सबैका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम प्रर्वद्धन गर्ने उच्च र दिगो उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै सिगों महानगरमा गरिबीको अन्त्य गरिने छ ।

१.७. प्रविधि मैत्री सेवा प्रवाह

ाहानगरीय सेवालाई प्रविधि मैत्री बनाईने छ भने सेवाग्राहीको पनि प्रविधि को पहुँच बढाईने छ, अभिमुखीकरण गर्ने दायित्व महानगरीय सरकारको रहने छ ।

२. क्षेत्रगत योजना र प्रतिवद्धता

२.१. शिक्षा

१. महानगरभित्र शिक्षाको उज्यालोबाट कोहि वालवालिका तथा लक्षित वर्गका गरिव, महिला, दलित, अल्पसंख्यक बञ्चित हुन नपरोस् भन्ने हेतुले **गुणस्तरीय र निःशुल्क सार्वजनिक शिक्षा**को पहल गरिने छ ।

२. शिक्षामा राज्यद्वारा पूर्णरुपमा सम्वोधन गर्न नसकिएको क्षेत्रमा **परिपुरक निजि शिक्षा** को अवधारणा अवलम्वन गरिने छ ।

३. व्यवसायिक जनशक्तिको उत्पादनको लागि माध्यमिक तहको एक सुविधासम्पन्न **महानगरीय व्यवसायिक शिक्षालय** स्थापना गरिने छ ।

४. खेलकुदको राष्ट्रिय तथा अन्तराष्ट्रिय पहिचान बढाउनका लागि ५ देखि १२ कक्षाका विद्यार्थीलाई लक्षित गरी **महानगरीय खेलकुद एकेडेमी** स्थापना गरिने छ ।

५.सूचना,सञ्चार तथा प्रविधिको बढ्दो आबश्यकतालाई संवोधन गर्न माध्यमिक तहको एक **महानगरीय आईसीटी एकेडेमी** स्थापना गरिने छ ।

६.प्रत्येक निजि र सार्वजनिक शिक्षण संस्थाका विचमा भगिनी सम्वन्ध स्थापित गराई सामाजिक उत्तरदायित्व वहन गर्ने वातावरण तयार गरिने छ ।

७. पठन खोज तथा अनुसन्धान संस्कृतिको विकास गरि गुणस्तरीय शिक्षा हासिल गर्ने अवसरको सुनिश्चितता गर्न महानगर स्तररीय एक मेट्रो लाईब्रेरी र वाडस्तरमा एक एक लाईब्रेरीको स्थापना गरिने छ ।

८. महानगर भित्र हाललाई ६ वटा सार्वजनिक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकसित गर्न व्याकअप गरिने छ ।

९. स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट प्राविधिक एवं उच्च शिक्षा हासिल गरेका फ्रेस ग्राजुयट्स को पंक्तिबाट शिक्षण अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउन , नमूना

www.nepalaut.com

शैक्षिक क्रियाकलाप सञ्चालन गर्न प्रत्येक वार्डमा ३ जना **महानगर स्वंयसेवी शिक्षक/शिक्षिका**को दरवन्दी व्यवस्था गरिने छ ।

१०. महानगरभित्र निजी, संस्थागत विद्यालय का शिक्षक तथा कर्मचारी एवं सामुदायिक विद्यालयमा ईसिडि देखि अन्य तहमा र निजी स्रोतमा कार्यरत शिक्षकको तलवमान, पारिश्रमिक र अन्य सुविधा कमसेकम सरकारी सरह बनाउनुका साथै महानगरको तर्फबाट विशेष प्रोत्साहन भत्ता उपलब्ध गराईने छ ।

११.प्रत्येक माध्यमिक विद्यालयमा माध्यमिक तहको पाठ्यक्रम अर्न्तगत विद्यार्थीहरुमा प्राविधिक सीप विकास गर्ने उद्धेश्यले कम्तीमा एक प्रयोगात्मक विषय अनिवार्य गरिनेछ ।

१२. पृथ्वीनारायण क्याम्पसमा सञ्चालनमा रहेका अध्ययन संस्थान/संकायहरुको स्तरोन्नति गरि प्रादेशिक विश्वविद्यालयको रुपमा विकास गर्न पहल गरिने छ ।

१३. विपन्न तथा जेहेन्दार दलित विद्यार्थीहरुलाई हरेक विद्यालयमा छात्रवृत्तिको व्यवस्था गरिने छ ।

१४. पर्यटकीय राजधानी पोखराको पर्यटनलाई बढावा दिने र आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने हेतुले माध्यमिक तहबाटै पर्यटनसंग सम्वन्धित विषयहरुमा पठनपाठन सञ्चालन गरिने छ ।

१५. पोखरा विश्वविद्यालयमा नविनतम विषहरुको खोज, अनुसन्धान गर्ने, थिकं ट्याङ्क हवको रुपमा विकसित गरिने छ ।

२.२. स्वास्थ्य

१ आधारभूत स्वास्थ्य सेवालाई .निःशुल्क र सर्वसुलभ बनाईने छ ।

२. मातृशिशु स्वास्थ्य प्रर्वद्धन गर्न ६ महिनासम्म मासिक २ हजार को दरले **सुत्केरी पोषण भत्ता** प्रदान गरिने छ ।

३. ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन गरी निशुल्क स्वास्थ्य परिक्षण, उपचार, परामर्श , नर्सिङ सेवा, डाक्टर ईन कल जस्ता सुविधा समावेश गरिने छ साथै स्वास्थ्य सेवा व्यवस्थापन समिति मार्फत प्रत्येक वडामा **ज्येष्ठ नागरिक स्याहार केन्द्र**(एकीकृत सेवा) मार्फत आर्ट अफ लिभिङ्ग जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

४. **बालबालिका पोषण कार्यक्रम** अर्न्तगत २ वर्षसम्मका बालबालिकाको पहिचान र अभिलेखीकरण गरी पौष्टिक आहार वितरण गरिने छ ।

www.nepaldut.com

५. **प्रजनन् स्वास्थ्य सेवा कार्यक्रम** मार्फत किशोरकिशोरी मैत्री स्वास्थ्य परामर्श, सुत्केरी स्याहार जस्ता सेवा सञ्चालन गरिने छ ।

६. युवाहरुको बेरोजगारी, दुर्व्यसनी जस्ता समस्याहरु बाट उत्पन्न परिस्थितिलाई व्यवस्थापन गर्न **मनोसामाजिक परामर्श केन्द्र** स्थापना गरी कार्यक्रम सञ्चालन गरिने छ ।

७. काश्यप ऋषिको तपोभूमिको रुपमा प्रसिद्ध पोखरामा 'उपचार र निदान भन्दा रोग लाग्नै नदिनु वेश ' भन्ने उक्तिलाई चरितार्थ गर्न आर्युवेदको पठनपाठन र उपचारका लागि **महानगरीय आरोग्य धाम** सञ्चालन गरिने छ ।

८. नगरीय विपन्नता मापन गर्दै अति विपन्न परिवारलाई निःशुल्क नागरीक स्वास्थ्य वीमा सुविधा प्रदान गरिने छ ।

९. आकस्मिक रेस्पोन्स तथा ट्रमा सेण्टर को सुविधा सहित सेवा प्रदान गर्न महानगरीय स्वास्थ्य सेवा अर्न्तगत **मेट्रो अस्पताल** सञ्चालन गरिने छ ।

१०. पर्यटकीय शहर पोखरालाई थप पर्यटकमैत्री बनाउन **पर्यटक स्वास्थ्य सेवा कार्यक्रम** सञ्चालन गरिने छ ।

११. **विद्यालय स्वास्थ्य सेवा कार्यक्रम** मार्फत प्रत्येक विद्यालयमा आवश्यक पर्ने आधारभूत स्वास्थय सेवा प्रदान गरिने छ ।

१२. पोखरा आसपासका क्षेत्रमा रहेका औषधिजन्य जडीवुटी, वनस्पति र बनस्रोतको संरक्षण, सर्म्वद्धन र उपयोगितालाई बढाउन महानगरको पहलमा **जडीवुटी प्रशोधन केन्द्र** स्थापना गरिने छ ।

१३. महानगरीय **शहरी स्वास्थ्य प्रर्वद्धन केन्द्र** हरुलाई महत्वपूर्ण अस्पतालहरुसंग समन्वय गरि सरुवा रोग नियन्त्रणमा विशेष पहल गरिने छ ।

२.३. उद्यमशिलता, रोजगार तथा मानव संसाधन विकास

१. स्थानीय स्रोत, साधनको अधिकतम परिचालन गरि रोजगारका अवसरहरु सृजना गरिने छ ।

२. रोजगारीका लागि सहजीकरण, समन्वय, सञ्जालीकरण, नवपर्वतन र अनलाईन रोजगार बजार जस्ता सेवा प्रदान गर्न **मानव संसाधन विकास केन्द्र** स्थापना गरिने छ ।

www.nepaldut.com

३. रेमिट्यान्स परिचालन गरी पर्यटन पूर्वाधार निर्माण र उद्यमशिलता प्रर्वद्धन गर्न **विप्रेषण सदुपयोग कार्यक्रम** सञ्चालन गरिने छ ।

४.परम्परागत सीप र उपकरणको को राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा व्यवसायीकरण गरिने छ ।

५. परियोजना धितोमा युवा व्यवसायीलाई १० लाखसम्म स्टार्ट अप को लागि ऋण लगानी गरिने छ ।

६. पहिलो ६ महिनामा ३००० रोजगारी थप गर्ने योजनाका साथ +२ तहको अध्ययन सकाएका यस क्षेत्रका युवालाई भाषा, होटल म्यानेजमेण्ट, मोबाईल मर्मत, कृषि स्रोत व्यक्ति, जडिवुटी संकलन , व्युटिसियन, पल्म्वीङ्ग, ईलेक्ट्रीसियन,भेटेनरी, ईम्ब्रोइडरी, ह्यान्डलुम, ग्राफिक्स डिजाइएन, वेभपेज डिजाईन, भिडियो एडिटिङ्ग, वेटर आदि जस्ता सीप सगै रोजगारी र उद्यमशिलता विकास गर्न **सक्षम पोखरा परियोजना** सञ्चालन गरिने छ ।

७. दक्ष जनशक्तिलाई स्थानीय स्तरमा परिचालन गर्न विशेष **महानगर स्वरोजगार कार्यक्रम** सञ्चालन गरिने छ ।

२.४. पूर्वाधार

१. महानगरको सुविधा सम्पन्न कार्यालय र वडा कार्यलयहरु निर्माण सम्पन्न गरिने छ ।

२.४० देखि ५० हजार जनसंख्या को लागि पोखरा महानगरका ग्रामीण ईलाका वा संगै जोडिएका अन्य ठाँऊमा **ग्रेटर पोखरा** को अवधारणासंग तालमेल मिल्ने गरी ५ वटा **सेटलाईट टाउन्स** निर्माण गरिने छ ।

३. महानगरीय चक्रपथ निर्माण र सञ्चालन गरिने छ ।

४.प्रत्येक वार्ड कनेक्टीङ रोडको स्तरोन्नति गरिने छ ।

५. महानगरको व्यस्त सडक तथा चोकमा आवश्यकता अनुसार आकाशे पुल तथा अन्डरपास /वाईपास निर्माण गरिने छ ।

६. पर्यटकीय दृष्ट्रिकोणवाट महत्वपूर्ण ठानिएको अन्तराष्ट्रिय सभा हल निर्माण सम्पन्न गरिने छ । सभागृह मा रहेको सिटीहललाई थप सुविधासम्पन्न बनाईने छ ।

७. बढ्दो सवारी चापलाई ध्यानमा राखी अटोमेटिक ट्राफिक सिग्नल व्यवस्थापन गरिने छ ।

www.nepaldut.com

८.साईकल सिटीको अवधारणालाई प्रर्वद्धन गर्दै पोखराका तालहरुलाई जोड्ने साईकल लेन को पूर्वाधार बनाईने छ ।

९. महानगरभित्र रहेका महत्वपूर्ण तालस्रोत संगै रहेका वनस्रोतहरुको संरक्षण र उपयोग गर्दे जैविक विविधता तथा प्राकृतिक उद्यान एवं वनस्पति उद्यान निर्माण गरिने छ ।

१०. पोखराको सौन्दर्य थप्न तालको ड्याम, चोक एवं प्रत्येक सडकमा सोलार जडित सडकबत्तीको व्यवस्था गरिने छ ।

११. महानगरको पहलमा तालस्रोतहरुको वर्गिकरण गरी वाटर रिक्रियशन , पानीमा खेल्ने साहसिक खेलहरु, क्रुज, फ्लोटिङ्ग रेष्टुरेण्ट जस्ता पर्यटन पूर्वाधार निर्माण गरिने छ ।

१२. सार्वजनिक-निजि साझेदारी अवधारणामा आधारित रहेर महानगरको प्रवेशद्वार मानिने लामेआहालको निर्माणाधिन क्षेत्रिय वसपार्क देखि पर्यटकीय क्षेत्र लेकसाईड सम्म सडकको दाँया बाँया ईलेक्ट्रिक ट्रेन सञ्चालन गरिने छ ।

१३. पोखरा महानगरपालिकाको मुटु पृथ्वीचोकमा रहेको बसपार्क लाइ सिटी बसपार्कको रुपमा तत्काल व्यवस्थित गरिनेछ ।

१४. उपयुक्त जग्गा अधिकरण गरी बाच्छेवुडुवाको ल्यान्डफिल्ड साईटलाई अन्यत्र सारेर तत्काल व्यवस्थित गरिने छ ।

१५. मल्टीपर्पोज पार्क(अन्तराष्ट्रिय स्तरको), फ्लाईङ स्कुल जस्ता परियोजना सञ्चालन गरी पोखरा विमानस्थलको भू-उपयोगको दीर्घकालीन योजना निर्माण गरिने छ ।

१६.फेवाताल किनाराको हिमागृह दरवारमा जैविक विविधता पार्क सञ्चालन गरिने छ । पोखरा ६ गौरीघाटमा रहेको रत्नमन्दिरमा प्यालेस म्युजियम सञ्चालन गरिने छ ।

१७. वडा नं ३३ मा रहेको अन्तराष्ट्रिय क्रिक्रेट मैदान सम्पन्न गरिनेछ । उच्च भेकिय गल्फ कोर्ष निर्माण गरिने छ ।

१८. महानगरको ट्राफिक व्यवस्थापनको लागि Multistorey Parking Facility, PPP Model मा Underground Parking सञ्चालन गरिने छ ।

१९. महानगरीय खानेपानी प्रणालीलाई बहुसरोकारवाला परियोजना मार्फत व्यवस्थित गरिने छ ।

२०. पोखरा ३३, पुनीटारमा प्रस्तावित औधोगिक क्षेत्र यथाशीघ्र सञ्चालन गरिने छ ।

२१. पोखरा क्षेत्रिय अन्तराष्ट्रिय एअरपोर्ट तत्काल सञ्चालनमा ल्याईने छ ।

www.nepaldut.com

२२. भूमिहिन, सुकुम्वासी, तथा अव्यवस्थित वसोवासीलाइ सहयोग पुग्ने किसिमको **आवास सहकारी कार्यक्रम** सञ्चालन गरिने छ ।

२३. भूमिहिन, सुकुम्वासी, तथा अव्यवस्थित वसोवासीलाइ व्यवस्थित वनाउँदै राष्ट्रिय भूमिव्यवस्था आयोग संग समन्वय गरी जग्गाधनी लालपूर्जा प्रदान गरिने छ ।.

२४. ऐतिहासिक कालदेखि .सेती नदीका किनारमा रहेका परम्परागत घाटहरुलाई व्यवस्थित गर्नुका साथै आवश्यकता अनुसार ईलेक्ट्रिक शवदाह स्थल निर्माण गरिने छ ।

२५. महानगर क्षेत्रका विभिन्न स्थानहरुमा सुविधासम्पन्न यात्रु प्रतिक्षालयहरु निर्माण गरिने छ ।

२६. महानगरको केन्द्र देखी बिभिन्न गाउँ सम्म पुग्नको लागी साँझ बस सेवा सँचालन गरिनेछ ।

२७. पोखरा आउने मुख्य नाकामा बसपार्क तथा प्रवेशपार्क बनाइनेछ ।

२८. बिजयपुर र चाइनापुलको बैकल्पीक ब्यवस्था गरिनेछ ।

२९. अन्तराष्ट्रिय एयरपोर्टबाट मुस्ताङ्गचोक , एयरपोर्टबाट कोत्रे सम्म फास्ट ट्रयाक निर्माण गरिनेछ ।

२.५. पर्यटन

१. पर्यटकीय गौरवका योजना सम्पन्न गरी पर्यटकको पोखरा आगमनको संख्या बसाइको अवधि र खर्च गर्ने दर बढाईने छ ।

२. MICE (Meetings, Initiatives, Conferences, Events)पर्यटन मार्फत रोजगारीका अवसरहरु बढाईने छ ।

३. पोखरा ताल संरक्षण तथा जैविक विविधता प्रर्वद्धन परियोजना (Pokhara Lake conservation Area Project) सञ्चालन गरिने छ ।

४. पोखरामा Wellness Tourism, Adventure Tourism Promotion का प्याकेजहरु विस्तार गरिने छ ।

५.स्थानीय उपहार तथा हस्तकलाका सामाग्री उत्पादन गर्ने **'पोखराको सम्झना'** उद्योगको स्थापना र सञ्चालन गरिने छ ।

www.nepalbut.com

६. पोखरालाइ बजेट टुरिजमको हव बनाउने, प्रर्वद्धन गर्ने तात्कालीक कार्यक्रमहरु सञ्चालन गरिने छ।

७.सरकारी र नीजि क्षेत्रको सहकार्यमा महानगरको ऐन बनाई महानगरीय टुरिजम वोर्डको स्थापना र सञ्चालन गरिने छ।

८.पोखरा आसपासको शान्त र ग्रामीण ईलाकामा प्राकृतिक चिकित्सालय सञ्चालन गरिने छ।

९. स्वदेशी तथा विदेशी पर्यटकहरुलाई पर्यटकीय गतिविधि तथा क्रियाकलापको सूचना प्रदान गर्न अत्याधुनिक पर्यटन सूचना केन्द्र स्थापना र सञ्चालन गरिने छ।

१०. पर्यटन, यातायात, सार्वजनिक स्थल आदिमा कार्य गर्ने कर्मचारी लाई लक्षित गरि Hospitality Behavior Development Training को आवधिक प्याकेज चलाईने छ।

११. वैशाख १ गतेलाई नयाँ वर्षको रुपमा मनाउने मुलुकहरुको वीचमा EXCHANGE VISIT Plan, Solidarity Package, Sister Relationship कायम गरिने छ।

१२. छिमेकी राष्ट्र भारतका मूल ५ पीठका पीठाधिश लाई पोखरा देखि मुक्तिनाथ सम्मका प्रमुख तीर्थस्थल भ्रमण गराई धार्मिक पर्यटनलाई प्रर्वद्धन गरिने छ।

१३. पोखरा देखि तिब्बतसम्मको डाईरेक्ट हवाई उडान सञ्चालन गरिने छ ।

१४. पोखरालाई मुक्तिनाथ को प्रवेशद्वारको रुपमा विकास गरिने छ।

१५. लुम्विनी –पोखरा –मुक्तिनाथ– मानसरोवर हवाई रुट विकास गरिने छ।

१६.पोखराका ऐतिहासिक र पुरातात्विक दृष्ट्रिकोणले महत्वपूर्ण स्थानहरुमा Heritage Tourist Destination को रुपमा विकास गरिने छ।

१७.पोखराका प्रसिद्ध तालहरुबाट नेपालका रारा लगायतका प्रमुख तालहरुमा **इन्टरलेक एअर कनेक्सन** गरिने छ।

१८. १०० कोठा वा सो भन्दा बढिको होटेल निर्माण गरि ३० प्रतिशत भन्दा बढि महानगरका नागरिकलाई रोजगार दिन सक्ने क्षमता राख्ने पूर्वाधार निर्माणमा नक्शा पास नि:शुल्क गर्ने व्यवस्था मिलाईने छ।

www.nepaldut.com

१९.बिश्वशान्ति स्तुपा, वेगनासकोट, ठूलाकोट , पुम्दीकोट र काँहु डांडा लगाएतका अन्य पर्यटकीय स्थानमा केबुलकारको निर्माणमा जोड दिईनेछ ।

२.६. खेलकुद

१. खेल पर्यटनको माध्ययमबाट पोखरालाई खेलकुदको राजधानी शहरको रुपमा विकसित गरिने छ ।

२. पोखरामा रहेका रंगशालाहरु लाई स्तरोन्नति गरिने छ ।

३. टेनिस क्रिक्रेट जस्ता नयाँ खेलकुदका लागि मिनी कभर्ड हल बनाईने छ ।

४. प्राकृतिक विपद्को घडिमा सुरक्षित खुल्ला स्थानको रुपमा पनि प्रयोग गर्न सकिने गरि प्रत्येक वडामा फुट सलको पूर्वाधार निर्माण गरिने छ ।

२.७. शहरी स्वच्छता

१. **फोहोर लाई मोहोर** कार्यक्रम मार्फत उपभोक्ता लाई घरघरमा फोहोर छुट्टाउन लगाउने र महानगरले Waste Bank मार्फत खरिद गर्ने प्रणाली शुरु गरिने छ ।

२. ढल तथा नालीलाई व्यवस्थित गरिने छ ।

३. फोहोरमैला व्यवस्थापन कार्यविधि लाई अक्षरश पालना गरिने छ ।

४.पोखरा महानगरभित्र आबश्यक संख्यामा Smart Public Toilet निर्माण गरिने छ ।

५. महानगरका प्रत्येक घर अगाडिको सार्वजनिक स्थलको सरसफाई र संरक्षण का लागि "मेरो घरआँगन मेरो जिम्मेवारी "अभियान चलाईने छ ।

६. महानगरबासीलाई कम्तीमा मासिक ५,००० लिटर शुद्ध खानेपानी निशुल्क बितरण गरिनेछ ।

७. नगरको सौन्दर्यीकरण गर्न बृक्षारोपण गर्ने, शान्तीबन बाटिका, विपी स्मृति पार्क,सहिदपार्क, पुस्पलाल पार्क, बसुन्धरा पार्क, मदन आश्रीत पार्क लगायतको संरक्षण गरिनेछ ।

www.nepaldut.com

२.८. नगरीय सुशासन

१. महानगरबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई विद्युतिय सुशासनको दायरा भित्र ल्याईने छ । महानगरको सेवा प्रवाहलाई पेपरलेस, मुभलेस बनाईने छ ।

२. महानगरबाट प्रदान गरिने अत्यावश्यक सिफारिश निःशुल्क गरिने छ ।

३. प्रभावकारी ढंगले गुनासो सुन्न र ढिलासुस्ती नियन्त्रण गर्न **हेलो मेयर** कार्यक्रम सञ्चालन गरिने छ ।

४. महानगरमा प्रभावकारी सेवा प्रवाह र कार्यचुस्तता को आधारमा कर्मचारी व्यवस्थापन गरिने छ ।

५.प्रत्येक वडाकार्यालहरुको सेवाप्रवाहलाई प्रभावकारी बनाइ वडाको क्षमता सवलिकरण, अधिकार सम्पन्न बनाईने छ ।

६. महानगरवासीलाई नगरविकासप्रति उत्तरदायी बनाउन नगरका ठूला र दीर्घकालीन योजना निर्माणको निर्णय गर्दा ईलेक्ट्रोनिक्स पोलको माध्यमवाट सर्वेक्षण गर्ने व्यवस्था मिलाईने छ ।

७. महानगरका विषयगत समिति हरुको क्षमता अभिवृद्धि गरिने छ ।

८. महानगरभित्र मेट्रिक ठेगाना प्रणाली लागू गरिने छ ।

९. नागरिकको काम उनीहरुले चाहे अनुसार, उनीहहरुकै समयमा सम्पन्न हुने व्यवस्थाको ग्यारेन्टी गरिने छ ।

१०. परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कनबाट महानगरलाई जवाफदेही र प्रभावकारी बनाईने छ ।

११. आयोजनाहरूको नतिजा, प्रतिफल, प्रभावहरू र दिगोपनाको मापन गरिने छ ।

१२. विपन्नता भएका परिवारलाई परिचय पत्र वितरण गरी जीवीकोपार्जनको सुनिश्चितता गरिने छ ।

२.९. कृषि

१. मेयेर विशिष्ट उत्पादन पकेट क्षेत्र घोषणा गरि स्थानीय रुपमा कृषि उद्यमशिलता विकास गरिने छ । साथै **हाम्रो उत्पादन हाम्रो गौरव कार्यक्रम** अर्न्तगत मसला, अचार, मासु , दुध ,

www.nepalbut.com

टुसा, पेय पदार्थ लगायतका उपजको प्रोसेसिङ्ग, प्याकेजिङ्ग , लेभलिङ्ग ,मार्केटिङ्ग र ब्रान्डिङ्ग गरिने छ ।

२. महानगरको पहलमा प्रत्येक वार्डमा कृषि उपज बजार केन्द्र खोलिने छ ।

३. महानगरको पहलमा कौशी खेती अनुदान योजना सञ्चालन गरिने छ ।

४. कृषि ज्ञान केन्द्र मार्फत बाली वीमा, पशु विमा योजना लाई अद्यावधिक गरिने छ ।

५. कृषि उपज मार्फत गाऊँ शहर अन्तरसम्वन्ध बढाईने छ ।

६. कृषि क्षेत्रमा खपत हुने विजुली को महशुलमा ५० प्रतिशत छुट दिईने छ ।

७. सामुहिक खेती प्रणाली तथा चक्लाबन्दीमा अनुदान प्रदान गरिने छ ।

८. रैथाने तथा उन्नत दुवै खाले वीउवीजनका लागि वीऊ बैंक स्थापना गरिने छ ।

९. कृषि र पशुपालनमा बजारमुखी उत्पादनमा जोड दिईने छ र बजारीकरणका लागि सहजीकरण गरिने छ ।

१०. जैवीक खेती प्रणाली को विकास गर्दै उपभोक्ताको जैविक उत्पादनको उपभोगमा जागरुकता बढाईने छ ।

११. कृषि उत्पादनमा समर्थन मुल्य कायम गरी महानगरले न्युनतम मुल्यमा खरिद गर्ने ब्यवस्था गरिनेछ ।

२.१०. मानवीय सुरक्षा तथा विपद् व्यवस्थापन

१. पूर्ण खोप सुनिश्चितता गरिने छ ।

२.सामाजिक सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ । अति विपन्न ज्येष्ठ नागरिक र एकल महिलाको सुरक्षाको लागि महानगरको तर्फबाट थप अतिरिक्त २० प्रतिशत सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छ ।

३. नगर प्रहरीको संख्या र क्षमता अभिवृद्धि गरी नागरिक सुरक्षा निगरानी बढाईने छ ।

४. आपतकालीन सेवाको लागि टोलफ्री नं , र मोवाईल एप्लीकेशन सञ्चालनमा ल्याईने छ ।

५. प्रकोप व्यवस्थापनका लागि पूर्व सूचना प्रणाली लागू गरिने छ ।

www.nepaldut.com

६. महानगरका मुख्य सडक र चोकहरुमा र सार्वजनिक स्थलहरुमा सुरक्षा निगरानी बढाउन सिसीटिभी जडान गरिने छ ।

७. योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम कडाईका साथ लागू गरि श्रमिकको अभिलेख राखिनेछ ।

२.११. सूचना, सञ्चार तथा विज्ञान प्रविधि

१.पोखरालाई सूचना प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान र व्यावसायिक केन्द्र, ((साइबर सिटी) का रूपमा विकास गरिने छ ।

२. महानगर भित्रका महत्वपूर्ण सार्वजनिक स्थलहरुमा उच्च ब्यान्डवीथ सहितको Free Wifi प्रदान गरिने छ ।

३. महानगर भित्र ईन्टरनेट सेवा प्रदायकहरुसंग समन्वय गरि हाईस्पीड ईन्टरनेट सेवा प्रदा गरिने छ ।

४. महानगरको पहलमा ईन्क्युवेशन ल्याव खोलिने छ ।

२.१२. प्राकृतिक स्रोत साधनको उपयोग

१.सार्वजनिक निजी साझेदारीमा साना तथा मझौला जलविद्युत् तथा पानीमा आधारित पर्यटकीय पूर्वाधार विकास गरिने छ ।

२. महानगरभित्रका सबै जलाधार क्षेत्रहरूको विस्तृत अध्ययन गरी जलाधार संरक्षण परियोजना सञ्चालन गरिने छ ।

३. सामुदायिक वनमा फलफूल तथा जडीवटी लगायतका मसला वाली लगाउने र जीवीकोपार्जनमा टेवा पुर्याउने कार्यक्रम सञ्चालन गरिने छ ।

४. महानगर भित्रका खोला तथा नदि किनारको ढुङ्गा, माटो, बालुवा गिटी आदिको उत्खनन , बिक्री बितरणको पारदर्शी व्यवस्था मिलाइनेछ ।

२.१३. फेवातालको संरक्षण र सौन्दर्यकरण परियोजना

१.पोखराको गौरव फेवातालको संरक्षण र सौन्दर्यकरण सम्वन्धी महानगरीय परियोजना शुरु गरिने छ । ।

२. फेवातालमा खुल्ला रुपमा मत्स्यपालन गरी फिसिङ टुरिजम विकास गरिने छ ।

www.nepaldut.com

३. फेवातालको नजिक ढल निकासको राम्रो व्यवस्था नहुँदा बाइपास ड्रेन बनाई संरक्षण गरिने छ ।

२.१४.उद्योग, व्यापार तथा वित्तीय योजना

१. पोखरा महानगरभित्र वस्तु, प्रकार र सेवाका आधारमा बजार क्षेत्र वर्गीकरण र निर्धारण गरिने छ ।

२. महानगरमा कार्यरत विदेशी नागरिकलाई अनिवार्य वर्क परमिटको व्यवस्था गरी करको दायरमा ल्याईने छ ।

३. महानगरमा वित्तियकरको दरको तुलनामा करको दायरा फराकिलो पारिने छ ।

२.१५. सामाजिक सुरक्षा

१. विशेष संरक्षण आवश्यक भएका बालबालिकाहरूको संरक्षण र पुर्नःस्थापन गरिने छ ।

२. अपाङ्गता भएका व्यक्तिहरूको आत्मनिर्भर र मर्यादित जीवनयापन हुने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यन्वयन गरिने छ ।

४. हिंसा पीडित, यौनिक अल्पसंख्यक र एकल महिलाहरूको लागि क्षमतावृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।

५. पोखरा महानगरलाई सडक मानव मुक्त शहर बनाईने छ ।

२.१६. कला, संस्कृति तथा सम्पदा

१. महानगर भित्रका विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नको लागि पोखरा २०, मौजा क्षेत्रमा बहुसांस्कृतिक ग्राम स्थापना गरिने छ ।

२. महानगरमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक सम्पदाको पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन गरिने छ ।

३. कवि शिरोमणि लेखनाथ पौडेलको जन्मस्थल साविक लेखनाथलाई सृजनाग्रामको रुपमा विकास गरिने छ ।

www.nepaldut.com

४. पोखरा लोक साहित्य, लोकगीत, लोकभाका, लोकबाजा को उर्वरभूमि हो । जनकविकेशरी धर्मराज थापाको जन्मस्थल, गन्धर्वहरुको कला र संस्कृति वोकेको स्थल बाटुलेचौरमा लोक संग्राहलयको स्थापना गरिने छ ।

५.घरवस्ती वरपर रहेका पाटी, पौवा, कुवा, ढुगेंधारा, वरपिपल चौतारी लगायतका सम्पदाको संरक्षण गर्न विशेष प्याकेज ल्याईने छ ।

२.१७. अन्तरपालिका समन्वय

१. महानगरको आसपासमा रहेका अन्य पालिकाहरुसंग पारस्परीक विकासका लागि समन्वय गरिने छ ।

२. स्वदेशी तथा विदेशी महानगरहरुसंग भगिनी सम्वन्ध स्थापना गरी अन्तरपालिका विकास मोडेल अपनाईने छ ।

३. प्रतिवद्धता कार्यान्वयनका ७ आधारहरु

३.१. नेतृत्व सीप र क्षमता

गठबन्धनका साझा उम्मेदवारहरुको नेतृत्व सीप, लामो राजनितिक अनुभव र सामाजिक परिचालन र समाजसेवामा निरन्तर लगाज नै माथिका प्रतिवद्धताहरु कार्यान्वयन हुने महत्वपूर्ण आधारहरु हुन् ।

३.२. पूँजीको व्यवस्थापन

आत्मनिर्भर अर्थतन्त्र र संकलित पूँजीको अधिकतम उपभोग गर्ने र चालूगत खर्च, प्रशासनिक खर्चलाई घटाएर विकास खर्चलाई बढाउने निति नै आर्थिक रुपमा कार्यान्वयन हुने अर्को महत्वपूर्ण आधार हो ।

३.३. सामाजिक परिचालन

समाजका सवै सरोकारवालाहरु जस्तै पेशा व्यवसायी, विद्यार्थी, श्रमजिवी, वुद्धिजिवि, प्राध्यापक,वकिल, सामाजिक अभियन्ता सवैले उत्तिकै योगदान पुऱ्याउन सक्ने सामाजिक परिचालनको मोडेलमा आधारित समाज रुपान्तरणको अभियान भएकोले माथिका प्रतिवद्धताहरुको कार्यान्वयन पक्ष दरो हुने छ ।

३.४. दिगोपना

www.nepaldut.com

हामीले पोखरा महानगरमा सञ्चालन गर्ने सवै विकासका क्रियाकलापहरु सहश्राब्दी विकास लक्ष्य उन्मुख रहनेछन् र यीनीहरु पर्यावरण र जीवीकोपार्जनको दृष्ट्रिकोणबाट दिगो रहने छन् ।

३.५. नागरिक अपनत्व

विकास सवैको अधिकार हो । सम्पूर्ण महानगरबासीले विकासका क्रियाकलापहरुको अपनत्व लिनेछन् किनकी उनीहरु स्वंय यो तर्जुमा प्रक्रियादेखि कार्यान्वयनसम्म प्रत्यक्ष संलग्न रहेका हुनेछन् ।

३.६. Bottom-Up Approach, सहभागितात्मक योजना तर्जुमा

भूईमान्छेहरुको विकास र समुन्नति को प्रक्रियामा सहभागिता, पहुँच सुनिश्चितता र नियन्त्रण रहने छ । विकास माथिबाट थोपरेको नभई तलबाट योजना गरिएको हुनुपर्छ यो हाम्रो मान्यता हो ।

३.७. सेवाग्राही मैत्री, पारदर्शी तथा उत्तरदायी सेवा प्रवाह

भष्ट्राचार नियन्त्रण गर्ने, पारदर्शिता बृद्धि गर्ने र स्थानीय सरकारलाई जवाफदेहि बनाउने संयन्त्र नै हाम्रा प्रतिवद्धता कार्यान्वयन हुने अर्को महत्वपूर्ण आधार हो ।

४. कार्ययोजना

क्र.स	क्रियाकलाप /योजना	कहिले	जिम्मेवारी
१	महानगरमा सेवाग्राहीलाई अत्यावश्यक सिफारिश निःशुल्क गर्ने	पदबहालीको दिन	मेयर
२.	हेलो मेयर कार्यक्रम सञ्चालन गर्ने	एक महिनाभित्र	कार्यपालिका
३.	घुम्ती अस्पताल सञ्चालन गर्ने **"सुन्दर पोखरा स्वस्थ पोखरेली"** कार्यक्रम सञ्चालन गर्ने	**३ महिना भित्र**	

www.nepalrut.com

४	प्रभावकारी सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्ने ज्येष्ठ नागरिक भत्ता घर-दैलोमा उपलब्ध गराउने	३ महिना भित्र	
५	महानगरको केन्द्र देखी बिभिन्न गाउँ सम्म पुग्नको लागी साँझ बस सेवा सँचालन गर्ने	३ महिना भित्र	
६	Hospitality Behavior Development Training को आवधिक प्याकेज चलाउने	३ महिना भित्र	
७	महानगरीय करको दायरा फराकिलो बनाउने कार्यविधि निर्माण	३ महिना भित्र	
८	मुभलेस सेवा प्रवाह सञ्चालन गर्ने	**३ महिना भित्र**	
९	अनुसन्धानमा आधारित भएर आवश्यकता अनुसारको विकास परियोजनाका प्राथमिकता निर्धारण गर्ने	३ महिना भित्र	
१०	'School to work' कार्यक्रम सञ्चालन गर्ने	६ महिना भित्र	
११	सक्षम पोखरा परियोजनाको कार्यविधि बनाउने	६ महिना भित्र	
१२	परियोजना धितोमा युवा व्यवसायीलाई १० लाख सम्म स्टार्ट अप को लागि ऋण लगानी गर्ने	६ महिना भित्र	
१३	अति विपन्नलाई निःशुल्क स्वास्थय विमा	६ महिना भित्र	
१४	कृषि उत्पादनमा समर्थन मुल्य कायम गरी महानगरले न्युनतम मुल्यमा खरिद गर्ने ब्यवस्था गर्ने	६ महिना भित्र	
१५	घरवस्ती वरपर रहेका पाटी, पौवा, कुवा, ढुगेंधारा, वरपिपल चौतारी लगायतका सम्पदाको संरक्षण गर्न विशेष प्याकेज ल्याउने	६ महिना भित्र	
१६	महानगरमा कार्यरत विदेशी नागरिकलाई अनिवार्य वर्क परमिटको व्यवस्था गरी करको दायरमा ल्याउने	६ महिना भित्र	

www.ideadut.com

१७	महानगरको पहलमा ईन्क्युवेशन ल्याव खोल्ने	६ महिना भित्र	
१८	Waste Bank मार्फत फोहोर खरिद गर्ने प्रणाली शुरु गर्ने	६ महिना भित्र	
१९	महानगरभित्र मेट्रिक ठेगाना प्रणाली लागू गर्ने	६ महिना भित्र	
२०	महानगरीय स्वंयसेवक शिक्षक को दरखास्त आव्हान	**एक शैक्षिक सत्र भित्र**	
२१	**ज्येष्ठ नागरिक स्याहार केन्द्र स्थापना**	१ वर्षभित्र	
२२	निःशुल्क विद्यालय शिक्षाको कार्यान्वयन	**१ वर्षभित्र**	
२३	पोखराका प्रसिद्ध तालहरुबाट नेपालका रारा लगायतका प्रमुख तालहरुमा **इन्टरलेक एअर कनेक्सन** गर्ने	१ वर्ष भित्र	

आदरणीय महानगरबासी,

उत्तेजनाको राजनिति गर्ने, खोक्रो राष्ट्रबादी, अतिवादी एजेण्डा भएको, हावामा महल बनाउने र विकास र समुन्नति कागजमै सिमित गर्ने केपी ओली नेतृत्वको सरकारले चाहे पोखरा महानगरमा होस् वा केन्द्रमा कहिं पनि जनताको जनअपेक्षाअनुसार कार्य गर्न सकेन यो कुरा जगजाहेर छ । नेपालकै ठुलो महानगरपालिका,गण्डकी प्रदेशको पर्यटकिय राजधानीको रुपमा परिचित पोखरालाई समुन्नत, आधुनिक सुबिधा सहितको अन्तराष्ट्रीय स्तरको शहरको रुपमा बिकास गर्नका लागि गठबन्धनको नेतृत्व आवस्यक भएको र हामी गफ, ढाँट, षडयन्त्र र छलकपटमा भन्दा काममा बिश्वास गर्ने, नियम कानुन, निति ,सिद्धान्त र कार्ययोजना वमोजिम कर्म क्षेत्रमा प्रतिबद्धता सहित निर्वाचनमा आएका छौं ॥ सुशासन लगायत जनताका आधारभूत आवस्यकतालाई केन्द्र बिन्दुमा राखेर काम गर्ने अठोट गर्दछौं । पुनः एकपटक पोखरा महानगरपालिकामा हामीले नेतृत्व लिदैं गर्दा **'समुन्नत पोखराको आधार : सवल अर्थतन्त्र र पूर्वाधार** को नारालाई सफलिभूत पार्न हामीले तय गरेका समुन्नतिका प्रस्थान विन्दु, क्षेत्रगत योजना, प्रतिवद्धता र कार्ययोजनलाई मूलमन्त्र

www.nepaldut.com

लिएर कार्य गर्ने प्रतिज्ञा गर्दछौं । आगामी वैशाख ३० गतेको पोखरा महानगरको निर्वाचनमा यहांहरुको विवेकपुर्ण फैसलाको अपेक्षा गर्दछौं । गठबन्धनका साझा उम्मेदवारहरुलाई अत्यधिक बहुमतले विजयी गराईदिनुहुन सम्पूर्ण महानगरवासी आमावुवा, दिदीवहिनी तथा दाजुभाईहरुमा हार्दिक अपिल गर्दछौं ।

www.nepaldut.com